नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः ८९** **मितिः २०८३।०३।१० गते**

**भाग — १**

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

सभामा पेश मितिः २०८३।०३।१० गते

सभाबाट पारित मितिः २०८३।०३।१० गते

प्रमाणिकरण मितिः २०८३।०३।१० गते

राजपत्रमा प्रकाशित मितिः २०८३।०३।१० गते

**प्रस्तावनाः** नौगाड गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको भाग १९ को स्थानीय आर्थिक कार्यप्रणाली धारा २३० र अनुसूची- ८ र ९ बमोजिम नौगाड गाउँपालिकाको उन्नाईसौं गाउसभाले स्वीकृत गरेको आर्थिक वर्ष २०८२/०८३ को आर्थिक ऐनमा भएको व्यवस्थालाई संशोधन र परिमार्जन गरि नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३ बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम “नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३” पारित भएको छ ।

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "नौगाड गाउँपालिकाको आर्थिक ऐन,२०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल साउन १ गते देखि नौगाड गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२. **परिभाषाः**- विषय र प्रशंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

१) "ऐन" भन्नाले नौगाड गाउँपालिकाको आर्थिक ऐन २०८३ लाई सम्झनु पर्दछ ।

२) " कर" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार लागेको कर वा लाग्ने कर सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले अतिरिक्त यस विद्ययेक तथा प्रचलित कानुन बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

३) "कर निर्धारण" भन्नाले यस ऐन र अन्य प्रचलित कानुन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण तथा संशोधित कर निर्धारणलाई समेत जनाउँछ ।

४) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले करको विवरण वुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रकिया सुरु गरेको व्यक्ति समेत जनाउँछ ।

५) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिकालाई सम्झनु पर्दछ ।

६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नौगाड गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत कर्मचारीलाई सम्झुन पर्छ ।

७) "राजश्व प्रमुख" भन्नाले नौगाड गाउँपालिकाको राजश्व शाखामा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

८) "कर संकलन कार्यालय" निकाय भन्नाले गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

९) "संकलन कर्ता" भन्नाले कर संकलन गर्ने वडा कार्यालय र पालिकाको राजश्व शाखामा कार्यरत सहायक कर्मचारीलाई सम्झनु पर्छ ।

१०) "सभा" भन्नाले नौगाड गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

११) "तोकिए बमोजिम" भन्नाले यस विद्येयक अन्तरगत बनेका निमय विनियम वा कार्यविधीमा तोकिए बमोजिम वा तोकिए बमोजिम सम्झनुपर्छ ।

३. **सम्पति कर**

१) गाउँपालिका क्षेत्रभित्र रहेका घर, टहरा, भवनहरु र सोले चर्चेको जग्गामा सम्पति कर लगाई असुल गरिनेछ । तर गुठी जग्गामा सम्पति कर लगाईने छैन् । नक्सापास गर्दा निर्माण निर्माण कार्यको समय तालिका पेश गरि सोही रकम तालिका भित्र निर्माण सम्पन्न गर्नु पर्नेछ पेश गरेको समय तालिकाको आधारमा सम्पति करको गणना गरिनेछ यदि कसैले नक्सा पेश गरेको भन्दा कम तला निर्माण गरि कार्यालयमा जानकारी गराएमा निर्माण भएको संरचनालाई मुल्याकनमा समावेश गर्न सकिनेछ ।

२) उपदफा १ बमोजिम लगाईने सम्पति करको गणना दर तथा भौतिक संरचनाको ह्रासकट्टी दर अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

३) यस दफा बमोजिम सम्पती कर लगाउदा घरजग्गाको आकार प्रकार बनोट र प्रयोग अचल सम्पतिको उत्पादनशिल उपयोगको अवस्था नागरिकको जीवनस्तर, कर तिर्न सक्ने क्षमता अचल सम्पतिको प्रचलित बजार मुल्यको आधारमा कर लगाईनेछ ।

४) सम्पति कर संकलन गर्दा घर जग्गा वहाल कर व्यवसाय कर सरसफाई शुल्क एकिकृत रुपमा असुल गर्न सकिनेछ ।

स्पष्टीकरणः घरले चर्चेको जग्गा भन्नाले घरले ओगेटेको क्षेत्रलाई जनाउदँछ ।

**४. भूमिकर**

गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम भूमिकर/मालपोत कर लगाईने र असुल गरिनेछ तर दफा २ बमोजिम सम्पती कर लगाएको जग्गामा भूमिकर मालपोत लगाईने छैन ।

**५. घर जग्गाबहाल करः**

१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोधाम, टहरा, सेट, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपले बहालमा दिएकोमा उक्त रकममा वहाल कर लगाइने छ ।

२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३) उपदफा १ बमोजिम लगाईने बहाल कर निर्माण गर्नको लागि गाउँपालिकाले घर जग्गा रहेको स्थान तथा संलचनाको प्रकारको आधारमा न्यनतम बहाल मुल्य तोकी सोही आधारमा बहाल रकम निर्माण गरि कर लिन सकिनेछ ।

४) बहाल कर गाउँपालिका दाखिला गर्ने दायित्व घरधनीको हुनेछ । करको दायित्व बहन गर्ने बहाल गर्ने विषयमा बहाल लिनेदिनेले आपसी समझदारीमा तय गर्न सक्नेछन् ।

५) यस ऐन बमोजिम घर जग्गा बहाल करको प्रयोजनको लागि स्वधोषणा फारामको व्यवस्था गरिनेछ । स्वघोषणा प्रतिवेदन कर परीक्षणको सामग्री बन्न सक्नेछ । तर गाउँपलिकाले निर्धारण गरेको न्युनतम मुल्याङ्कन भन्दा कम हुने छैन ।

६) स्वघोषणा फाराम भर्न ईन्कार गरेमा वा ढिलाई गरेमा वा पूर्ण विवरण नदिएमा वडा कार्यालय राजश्व शाखाले स्थलगत निरीक्षण गरि घर बहालमा रहेको नरहेको एकिन गरिनेछ ।

७) बहालमा लगाएको घर जग्गा निश्चित समय खाली रहन गएमा त्यस अवधिको कर कट्टी गर्न सकिनेछ । खाली रहको अवधिको व्यहोरा वडा कार्यालय वा वडा सदस्यबाट प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

**६. व्यवसाय कर**

१) गाउँपालिका क्षेत्र भित्र व्यापार व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थिक कारोबारका आधारमा दर्ता नविकरण र खारेजी गर्दा व्यवसाय कर असुल गरिनेछ ।

२) उपदफा (१) बमोजिम व्यापार व्यवसाय सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरि व्यवसाय सञ्चालन अनुमति प्रदान गरिनेछ । व्यवसाय सञ्चालन अनुमति प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरि व्यावसाय नविकरण गर्नु पर्नेछ ।

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय सञ्चालन अनुमति बन्द तथा दस्तुरको दर व्यापार व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानी आर्थिक कारोबारको आधारमा अनुसूची-४ मा तोकिए बमोजिम हुनेछ ।

४) उपदफा (२) बमोजिमको अनुमति बिना गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्यापार व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईनेछैन ।

**७. जडिबुटी कवाडी र जीवजन्तु कर**

१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुनले निशेध गरिएको जीवजन्त बाहेक अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सिंह, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बाफतको अनुसूची-५ बमोजिमको जडिबुटी, कवाडी र जिवजन्तु कर लागाईने र असूल गरिनेछ ।

२) उपदफा (१) बमोजिम वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाको दर्ता भित्र कर
बुझाउने सर्त र विधी समेत तोकी अनुमति दिईनेछ ।

३) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुडी, बनकस, कवाडी मालसामान जस्ता
वस्तुको व्यवसायिक कारोबार गरेबाफत उक्त वस्तुहरुमा कर लगाईने र असुल गरिनेछ ।

४) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाले व्यवसाय सञ्चालन अनुमति दिँदा कर बुझाउने सर्त र विधि समेत तोकी अनुमति दिईनेछ ।

**८. सवारी साधन कर**

१) गाउँपालिका दर्ता भएका दुईपाङ्गे सवारी साधनहरुकबाट अनसूची- ६बमोजिम व्यवसाय कर लगाईने र संकलन गरिनेछ ।

**९. विज्ञापन कर**

१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटल बोर्ड, साईन बोर्ड होडिङ्ग बोर्ड, ग्लोबोर्ड आदि अनुसूची-७ बमोजिम विज्ञापन कर लगाईने छ र सुल गरिनेछ ।

२) उपदफा (१) बमोजिम कर उठाउनका लागि आश्यक पर्ने कार्यविधी गाउँ कार्यपालिकाले स्वीकृत गरि लागु गर्न सक्नेछ । गाउँपालिकाको स्वीकृती विना कुनै पनि प्रकारका डिजिटल बोर्ड, साईन बोर्ड आदि राख्न पाईने छैन । स्वीकृति नलिई यस्तो कार्य गरेमा जरिवान लिन सकिनेछ वा डिजिटल बोर्ड, साईनबोर्ड, होडिङ्गबोर्ड आदि हटाउने र दुबै कार्य गाउँपालिकाले गर्न सक्नेछ ।

३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बाफतको रकम प्रचलित प्रदेश कानुन बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

**१०. मनोरञ्जन कर**

१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सांस्कृतिक प्रदर्शन हल, थिएटर, संगित, मनोञ्जन, प्रदर्शन स्थल, जादु, सर्कस, चटक जस्ता मनोरञ्जन सेवामा प्रदेश कानुनले तोके बमोजिम मनोरञ्जन कर लगाई असुल गरिनेछ ।

२) उपदफा (१) बमोजिमको कर उठाउनको लागि आवश्यक पर्नेक कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरि लागु गर्न सक्ने छ ।

**११. पार्किङ शुल्क**

१) नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्र तोकिएको पार्किङ्ग स्थलमा सवारी साधनमा पार्किङ्ग सुविधा उपलब्ध गराएबाफत पार्किङ्ग गर्ने समयलाई समेत आधार मानि अनुसूची-८ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ ।

२) उपदफा (१) बमोजिम तोकिएको स्थान बाहेक अन्य स्थानमा पार्किङ्ग गर्न रोक लगाउन सकिनेछ । तर राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराईने र शुल्क लगाईने छैन ।

**१२. बहाल बिटौरी शुल्क**

१) गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका घर, पसल, ग्यारेज, गोधाम, टहरा, सेड, छप्पर, कारखाना, निर्माण रेखदेख वा सञ्चालन गरेबाफत देहाय बमोजिमका सम्पतिहरुमा अनुसूची ९ बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र असुल गर्न सकिनेछ ।

क) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी, जग्गा वा बाटोको छेउछाउको जग्गामा भएका अस्थायी टहरा छाप्रा, पसल वा आवास ।

ख) गाउँपालिकाले तोकिएको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदि थापेका पसल ।

**१३. सेवा शुल्क र दस्तुर**

१) गाउँपालिकाले निर्माण सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार सेवा उपयोग गरे बाफत वा उपलब्ध गराएका देहाय बमोजिमका सार्वजनिक सेवा प्रदायक वा सेवागाहीलाई शुल्क दस्तुर अनुसूची-१० बमोजिम लगाईने र असुल गरिनेछ ।

क) वडा कार्यालय र गाउँपलिकाले प्रदान गर्ने सिफारिस तथा प्रमाणित ।

ख) गाउँपालिकाको गाउँ बस, शववाहन, स्काईभेटर लगायतका अन्य स्रोतहरुको उपयोग गरेबाफत

ग) नौगाड आधारभुत अस्पतालबाट संकलन भएको सेवा शुल्क ।

घ) विभिन्न न्यायिक र प्रशासनिक सेवा प्रदान गरे बाफतको दस्तुर ।

**१४. नक्सापास दस्तुरः** गाउँपलिका क्षेत्रभित्र नक्सा पास गर्दा लाग्ने अनुसूची-१२ बमोजिम कर लगाईने र असुल गरिनेछ ।

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

**१५. दहत्तर बहत्तर शुल्कः**

१) गाउँपालिका क्षेत्रभित्रको ढङ्गा, गिट्टी, बालुवा स्लेट अभ्रख, चुनढुङ्गा खरिढुङ्गा कुनै व्यक्ति वा संस्थाले प्रयोग गरेबाफत दहत्तर बहत्तर प्राकृतिक स्रोत कर अनुसूची-१४ बमोजिम असुल उपर गरिनेछ ।

३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बाफतको रकम प्रचलित प्रदेश कानुन बमोजिम सम्बन्धित प्रदेशसँग बाँडफाँड गरिनेछ ।

**१६. पर्यटन शुल्कः** संस्थागत तथा व्यक्तिगत रुपमा छिपुल्थान डाईभर्सिटी पार्क भित्र बाफत कर अनुसूची-१३ बमोजिम असुल गरिनेछ ।

**१७. अन्य राजश्वः**

१) गाउँपालिकाको भित्र गाडी घुमाएर व्यापार गर्ने व्यापारी र मर्मत संम्भार कोष बाफत कर अनुसूची-१५ बमोजिम असुल उपर गरिनेछ ।

**१८. दण्ड जरिवानाः** गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी गरेमा सम्बन्धित कानुनमा दण्ड जरिवाना दर तोकिएकोमा सोहि बमोजिम हुनेछ ।

**१९. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्त्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**२०. प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा यसै ऐन बमोजिम र उल्लेखित नगरिएका विषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**२१. कार्यविधी बनाउन सक्नेः**

१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

२) उपदफा १ बमोजिम बनेको कार्यविधि वा निर्देशिका सम्बन्धि कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा सार्वजनिक भए पछि लागु हनेछ ।

**२२. बाधा अड्काउ फुकाउः** यो ऐनको व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउको अधिकार गाउँ कार्यपालिकामा रहनेछ । त्यस्तो बाधा अड्काउ फुकाउको विषय गाउँ कार्यपालिका मार्फत गाँउसभामा पेश हुनेछ ।

**२३. खारेजीः** नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८२ खारेज गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुसूची -१
# सम्पति कर
# राजश्व संकेत नं ११३१३

गाउँपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा सम्पति कर लगाई असुल गरिनेछ । तर गुँठी जग्गामा सम्पति कर लगाईने छैन । नक्सा पास गर्दा निर्माण कार्यको समय तालिका पेश गरि सोही समय तालिका भित्र निर्माण सम्पन्न गर्नु पर्नेछ ।पेश गरेको समय तालिकाको आधारमा सम्पति कर गणना गरिनेछ ।

घर संरचनाको मूल्याङ्कन (प्रति वर्ग फुटमा)

| सि.नं. | संरचनाको प्रकार | आ. व. २०८२/०८३ | आ. व. २०८२/०८३ | कैफियत |
|---|---|---|---|---|
| १. | कोलम बिम सहितको पक्कि ढलान भएका घरहरु | ५०० | ५०० | |
| २. | कोलम बिम नभएको पक्कि ढलान भएका घरहरु | ४०० | ४०० | |
| ३. | ढुङ्गाको चिनाई सिमेन्ट पलास्टर, पत्थर तथा जस्तापाताले छाएका घरहरु | ३०० | ३०० | |
| ४. | ढुङ्गा माटोको गाह्रोको चिनाई गरी पत्थर तथा जस्तापाताले छाएका घरहरु | ३०० | २०० | |

१) कुल सम्पत्ति मूल्याङ्कनको आधारमा तपसिल अनुसार सम्पत्ति कर लिईने छ।

| सि.न. | विवरण | आ व २०८२/०८३ | आ.व. २०८३/०८४ | जरिवाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रति १ (एक) लाखको | रु. ५० | रु . ५० | २५ % | |

नोटः सम्पत्ति करको मूल्याङ्कन करादाताबाट स्व-घोषणा गरि पेश गरिएको विवरण अनुसार गरिनेछ।

२) संरचनाको ह्रासकट्टि दर (प्रतिशतमा)

| क्र.सं. | घरको बनोट | प्रतिवर्ष ह्रास कट्टी दर | ह्रासकट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| १ | कोलम बिम सहितको पक्कि ढलान भएका घरहरु | २.२५% | ३५ बर्ष |
| २ | कोलम बिम नभएको पक्कि ढलान भएका घरहरु | २.२५% | ३५ बर्ष |
| ३ | ढुङ्गाको चिनाई सिमेन्ट पलास्टर, पत्थर तथा जस्तापाताले छाएका घरहरु | २.२५% | ३५ बर्ष |
| ४ | ढुङ्गा माटोको गाह्रोको चिनाई गरी पत्थर तथा जस्तापाताले छाएका घरहरु | ३% | ३५ वर्ष |

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका



नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -२

### मालपोत/भूमिकर
### राजश्व संकेतः ११३१४

गाउँपालिका क्षेत्रभित्र भूमि कर/मालपोत निम्नानुसार लगाइने र असूल उपर गरिनेछ। तर ऐनको दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर लगाईने छैन ।

क) जग्गाको मूल्याङ्कन दर (प्रति रोपनीमा)

| क स | जग्गाको किसिम क्षेत्र | जग्गाको विवरण | मूल्याङ्कन दररेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | खेत तर्फ | सीम इयरकोड १-८ | ३५००० | |
| | | चाहार इयरकोट १-८ | २१००० | |
| | पाखो तर्फ | सीम इयरकोट १-८ | २०५०० | |
| | | चाहार इयरकोट १-८ | १८५०० | |
| | | खर इयरकोट १-८ | ९००० | |
| | | पाचौं इयरकोट १-५ | ९३०० | |
| २ | खेत तर्फ | सीम इयरकोड ९ | ३५००० | |
| | | चाहार इयरकोट ९ | २१००० | |
| | पाखो तर्फ | सीम इयरकोड ९ | २०५०० | |
| | | चाहार इयरकोट ९ | १८५०० | |
| | | खर इयरकोट ९ | ९००० | |
| | | पाचौं इयरकोट ९ | ९३०० | |
| ३ | खेत तर्फ | दोयम खार १,३,७,र ९ | ३७५०० | |
| | | सीम खार १,३,७ र ९ | ३५५०० | |
| | | चाहार खार १,३,७ र ९ | ३३५०० | |
| | पाखो तर्फ | दोयम खार १,३,७,र,९ | ३१५०० | |
| | | सीम खार १,३,७,र ९ | ३५५०० | |
| | | चाहार खार १,३,७,र ,९ | २५५०० | |
| | | खर खार १,३,७ र ९ | १७००० | |
| ४ | खेत तर्फ | दोयम खार ४-६ | ३७५०० | |
| | | सीम खार ४-६ | ३५५०० | |
| | | चाहार खार ४-६ | ३३५०० | |
| | | दोयम सिप्टी १ | ५४५०० | |
| | | सीम सिप्टी १ | ५१५०० | |
| | | चाहार सिप्टी १ | ४८५०० | |

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका



नौगाड गाउँपालिका आर्थिक ऐन,२०८३

| क स | जग्गाको किसिम क्षेत्र | जग्गाको विवरण | मूल्याङ्कन दररेट रु | कैफियत |
|---|---|---|---|---|
| | पाखो तर्फ | दोयम खार ४-६ | ३१५०० | |
| | | सीम खार ४-६ | ३५५०० | |
| | | चाहार खार ४-६ | २५५०० | |
| | | खर खार ४-६ | १७००० | |
| | | दोयम सिप्टी १ | ४६५०० | |
| | | सीम सिप्टी १ | ४२५०० | |
| | | चाहार सिप्टी १ | ३८५०० | |
| | | खर सिप्टी १ | १६००० | |
| ५ | खेत तर्फ | दोयम सिप्टी २-७ | ५४५०० | |
| | | सीम सिप्टी २-७ | ५१५०० | |
| | | चाहार सिप्टी २-८ | ४८५०० | |
| | पाखो तर्फ | दोयम सिप्टी २-७ | ४६५०० | |
| | | सीम सिप्टी २-७ | ४२५०० | |
| | | चाहार सिप्टी २-८ | ३८५०० | |
| | | खर सिप्टी २-७ | १६००० | |
| ६ | खेत तर्फ | दोयम सिप्टी ८-९ | ५४५०० | |
| | | सीम सिप्टी ८-९ | ५१५०० | |
| | | चाहार सिप्टी ८-९ | ४८५०० | |
| | | सीम धुलिगडा ८-९ | ४०५०० | |
| | | चाहार धुलिगडा ८-९ | ३६५०० | |
| | पाखो तर्फ | दोयम सिप्टी ८-९ | ४६५०० | |
| | | सीम सिप्टी ८-९ | ४२५०० | |
| | | चाहार सिप्टी ८-९ | ३८५०० | |
| | | खर सिप्टी ८-९ | १६००० | |
| | | सीम धुलिगडा ८-९ | ३३५०० | |
| | | चाहार धुलिगडा ८-९ | २९५०० | |
| | | खर धुलिगडा ८-९ | १६००० | |
| ७ | खेत तर्फ | सीम धुलिगडा १-७ | ४०५०० | |
| | | चाहार धुलिगडा १-७ | ३६५०० | |
| | पाखो तर्फ | सीम धुलिगडा १-७ | ३३५०० | |
| | | चाहार धुलिगडा १-७ | २९५०० | |
| | | खर धुलिगडा १-७ | १६००० | |

नौगाड गाउँपालिका आर्थिक ऐन,२०८३

ख) मालपोत भूमीकरको असुली दररेट रकम रु (प्रति रोपनीमा)

| क स | जग्गाको किसिम क्षेत्र | जग्गाको विवरण | प्रति रोपनी मूल्याङ्कनको | कैफियत |
|---|---|---|---|---|
| १ | खेत तर्फ | दोयम | ०.०४२ प्रतिशत | |
| | | सीम | ०.०३६ प्रतिशत | |
| | | चाहार | ०.०२७ प्रतिशत | |
| २ | पाखो तर्फ | दोयम | ०.०४७ प्रतिशत | |
| | | सिम | ०.०३७ प्रतिशत | |
| | | चाहार | ०.०१७ प्रतिशत | |
| | | खर | ०.०३९ प्रतिशत | |

नोटः- वार्षिक रुपमा भूमि मालपोत कर नबुझाएमा वार्षिक रुपमा मालपोत रकमको कुल २०% (प्रतिशत) जरिवाना लगाई असुल गरिने छ।

नौगाड गाँउपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची - ३
## घर जग्गा वहाल कर
## राजश्व शिर्षक नं. ११३२१

क) घर बहाल कर

नौगाड गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन  घर, पशल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेट, गाडी, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा तपसिल बमोजिम बहाल कर लगाई असुल गर्न सकिनेछ ।

बहाल रकमको १० प्रतिशतले हुन आउने रकम बहाल कर असुल गरिनेछ । संगठित संघ सस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसेबाफत बहाल रकम बुझाउदा स्रोतमै अग्रीम बहालकर कट्टी गरि दाखिला गर्नुपर्नेछ ।

ख) बहाल कर निर्धारण प्रक्रिया

बहालमा दिएको मितिलाई आधार मानि दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक अवधिलाई आधार मानि बहाल कर बुझाउनु पर्नेछ ।

क्षेत्रगत आधारमा नौगाड गाउँपालिका गाउँ कार्यपालिकाकाले न्युनतम् बहाल कर तोक्ने प्रयोजनको लागि बहाल कर कार्यविधी बनाई लागु गर्न सक्नेछ ।

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८२

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची - ४
## राजश्व संकेत नं. १४६११
## व्यवसाय दर्ता तथा नविकरण कर

क) व्यापार व्यवसाय वा सेवामा लगानी र व्यवसायिक प्रकृतिको आधारमा नगरपालिकाले व्यवसाय दर्ता र नविकरण गरेदा लगाउने करको विवरण निम्न अनुसार लिने

१) मदिरा व्यवसाय

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा डिलर सप्लायर्स र डिलर | १०००० | ६००० | |
| २ | मदिरा खुद्रा विक्रेता | ६००० | ३५०० | |
| ३ | होटेल बार सहितको मदिरा विक्रेता | ६००० | ३५०० | |

२) अन्य दैनिक उपभोग्य, तयारी पोशाक स्टेशनरी र ईलेक्ट्रोनिक्स सम्बन्धी कारोबार भएका पसलहरु

| क स | व्यवसायको प्रकृतिको विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | सुनचादी गहना बनाउने पसल | ३००० | १००० | |
| २ | ईल्ट्रोनिक पसल( फ्रिज मोबाईल अडियो भिडियो तथा विजुलीका सामानको पसल) | ३००० | १००० | |
| ३ | फोटो स्टोडियो | ३००० | १००० | |
| ४ | फर्निचर तथा फनिसिङ्ग सप्लायर्स | ३५०० | १००० | |
| ५ | हार्डवेयर पसल | ३५०० | १००० | |
| ६ | फेन्सी स्टोर | ३००० | १००० | |
| ७ | सवारी साधन मर्मत ग्यारेज | ३००० | १००० | |
| ८ | भाडा वर्तन पसल | ३००० | १००० | |
| ९ | दैनिक उपभोग्य खाद्य सामग्री तथा खुद्रा पसल | ३००० | १००० | |
| १० | विविध किराना पसल | ३००० | १००० | |
| ११ | मासु पसल | २५०० | १००० | |
| १२ | पुस्तक फोटोकपी तथा स्टेशनरी पसल | ३५०० | १००० | |
| १३ | जडिबुटी व्यवसाय | ३५०० | २५०० | |

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

| क स | व्यवसायको प्रकृतिको विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १४ | कृषि तथा पशुपन्क्षी फर्म | ३००० | १००० | |
| १५ | कृषि तथा पशु एग्रोभेट पसल | ३००० | १००० | |
| १६ | सिलाई सेन्टर | ३००० | १००० | |

३) होटल व्यवसाय

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | होटेल तथा लज | ३००० | १००० | |
| २ | चियानास्ता खाना होटल | २००० | ८०० | |
| ३ | मिष्ठान भण्डार | २००० | १००० | |

४) घरेलु तथा साना उद्योग व्यवसाय

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | कापी किताब उद्योग | ३००० | १००० | |
| २ | खाद्यान्न मिल चक्की कुटाई पिसाई सहित | ३००० | १००० | |
| ३ | ग्रिल उद्योग | ३००० | १००० | |
| ४ | इट्टा ब्लक उद्योग | ४००० | २५०० | |
| ५ | उत्पादनमुलक उद्योग | ५००० | ३००० | |

५) सेवा व्यवसाय

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | टेन्ट हाउस सेवा | ३००० | १००० | |
| २ | व्युटीपार्लर सेन्टर | ३००० | १००० | |
| ३ | कपाल काट्ने पसल | ३००० | १००० | |
| ४ | नर्सरी फूल वा विरुवा विक्रेता | ३००० | १००० | |
| ५ | सिलाई सेन्टर | ३००० | १००० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

६) बैंक तथा वितिय संस्था

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक शाखा क वर्ग | १५००० | १०००० | |
| २ | विकास बैंक शाखा ख वर्ग | १२००० | ८००० | |
| ३ | विमा कम्पनी | १२००० | ७००० | |
| ४ | लघुवित्त शाखा कार्यालय | १२००० | ७००० | |
| ५ | सहकारी संस्था | १२००० | ७००० | |

७) स्वास्थ्य सेवा व्यवसाय

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | फार्मेसी तथा मेडिकल पसल | ४००० | १००० | |
| २ | ल्याव सेवा | ३००० | १००० | |
| ३ | डेन्टल पसल | ३००० | १००० | |
| ४ | शैया सहितको मेडिकल पसल | ५००० | २५०० | |
| ५ | आयर्वेदिक पसल | ३००० | १००० | |

८) शिक्षा सेवा

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | तालिम तथा अनुसन्धान केन्द्र | ३००० | १००० | |
| २ | ट्युसन सेन्टर | ३००० | १००० | |
| ३ | कम्प्युटर टाईपिङ तथा भाषा पशिक्षण संस्था | ३००० | १००० | |
| ४ | निजी विद्यालय आधारभुत तह १-८ | ५००० | २५०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

९) निर्माण सेवा

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| ४ | गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय घ वर्ग | २२००० | ६५०० | |
| ५ | क्रसर उद्योग | २०००० | १५००० | |
| ६ | हाईड्रोपावर | ६०००० | ४०००० | |

१०) समूह संस्था सेवा व्यवसाय

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | श्रम सहकारी | १००० | ५०० | |
| २ | खानेपानी तथा सिचाई मुहान | १००० | ५०० | |
| ३ | सेवामूलक संस्था दर्ता | ५००० | २५०० | |
| ४ | कृषि समूह | ५०० | ५०० | २ वर्षमा एक पटक |
| ५ | टोल विकास संस्था | ५०० | ३०० | |
| ६ | सामूहिक तथा व्यक्तिगत घट्ट दर्ता | २०० | ५० | |
| ७ | विभिन्न धार्मिक तथा सास्कृतिक समिति | ५००० | २५०० | |
| ८ | गैरसरकारी संस्था (राष्ट्रिय र अन्तरराष्ट्रिय) | ८०००० | ४००० | |
| ९ | सामुदायिक तथा निजी वन | २००० | १००० | |

११) कारोबारको आधारमा

| क स | विवरण | दर्ता शुल्क | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | १ लाख देखि ५ लाख सम्म | ३००० | १००० | |
| २ | ५ लाख भन्दा माथि १० लाख सम्म | ३५०० | १२०० | |
| ३ | १० लाख देखि २० लाख सम्म | ४००० | १५०० | |
| ४ | २० लाख भन्दा माथि | ४५०० | २००० | |

कुनै पनि व्यवसायीले कारोबार थप गरेमा थप भएको करोबारको १% (प्रतिशत) का दरले वृद्धि गरिनेछ ।
पुरानो आर्थिक वर्षको व्यवसाय करको जरिवाना प्रतिवर्ष १५% जरिवाना लाग्नेछ ।

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची - ५**
**राजश्व संकेत नं. ११६३२**
**जडिबुटी, कवाडी र जिवजन्तु कर**

| क स | कवाडी जडिबुटी र जिवजन्तुको विवरण | दर (प्रतिकिलो/ गोटा रु) | कैफियत |
|---|---|---|---|
| १ | तामा | १५ | |
| २ | फलाम | २ | |
| ३ | काँसो/पितल | १० | |
| ४ | आल्मुनियम | ५ | |
| ५ | काँचको बोतल | २ | |
| ६ | कागज पत्र | २ | |
| ७ | प्लास्टिक | २ | |
| ८ | तेजपत्ता | १ | |
| ९ | अल्लो | २ | |
| १० | रिठ्ठा | १ | |
| ११ | उन | २ | |
| १२ | किरमुडो | १ | |
| १३ | भैसी | १५० | प्रति गोटा |
| १४ | बाख्रा | ५० | प्रति गोटा |
| १६ | भेडा | ५० | प्रति गोटा |
| १७ | कानुनले निषेध गरेका जिवजन्तु बाहेक अन्य मृत वा मारिएका जिवजन्तुको हाड | ३ | |
| १८ | कानुनले निषेध गरेका जिवजन्तु बाहेक अन्य मृत वा मारिएका जिवजन्तुको सिंह | ३ | |
| १९ | कानुनले निषेध गरेका जिवजन्तु बाहेक अन्य मृत वा मारिएका जिवजन्तुको प्वाँख | २०० | |
| २० | कानुनले निषेध गरेका जिवजन्तु बाहेक अन्य मृत वा मारिएका जिवजन्तुको छाला | ६० | |
| २१ | अन्य कवाडहरु | २ | |
| २२ | अन्य जडिबुटीहरु | २ | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची - ६**
**साना सवारी साधन कर**
**राजश्व संकेत नं. ११४५१**

| क स | साना सवारी साधनको विवरण | दर्ता शुल्क रु | नविकरण शुल्क रु | कैफियत |
|---|---|---|---|---|
| १ | अटो/रिक्सा | १०००० | ५००० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची - ७**
**विज्ञापन कर**
**राजश्व संकेत नं. ३३३४३**

क) विज्ञापन क्षेत्र

१) भवनको छत कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाईनै छैन ।

२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापनको सामग्री राख्न पाईने छैन ।

३) बाटोको सिमाना देखि १० फिट भित्र तथा संधियारको सिमाना देखि ५ फिट भित्र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामग्री राख्न पाईने छैन ।

४) सार्वजनिक उत्तरदायित्व अन्तरगत निर्माण भएका जुनसुकै संरचना निर्माण गर्दा कार्यको नाम बाहेक राखिएको जुनसुकै तस्बीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन ।

५) भवन जमिन व्यापारिक वा व्यवसायिक केन्द्र होटेल रेष्टुरेन्ट बा विद्यालय जुनसुकै भवनको भित्र भागमा गर्ने प्रयोजनको लागि राखिएका सामानहरुमा विज्ञापन कर छुट हुने छैन ।

६) सुर्तिजन्य मदिरा तथा नेपाल सरकारबाट प्रतिवन्ध वा नौगाड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट निषेध गरिएका विज्ञापन प्रचार प्रसार गर्न पाईने छैन ।

क) विज्ञापन करका दरहरु

१) फ्लेक्सबाट तयार गरिएको बिज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु ३०

२) डिजिटल बोर्ड ग्लोसाईन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु ४०

३) खेलकुद मैदान मञ्च मेला जात्रा पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार प्रसार सामग्री अधिकतम् १० दिन २० स्वायर फिटमा प्रति दिन रु ५० का दरले

४) अन्य हकमा प्रति वर्ग फुट प्रति प्रति वर्ष रु ३०।

ख) मनोरञ्जन करका दरहरु

१) एक महिना सम्म जादु सर्कस मेला सञ्चालन गराएबाफत दैनिक रुपमा रु ५००। दरमा कर लगाईनेछ।

नौगाड गाउँपालिकाको आर्थिक ऐन,२०८३

**अनुसूची - ८**

**पार्किङ शुल्क**

**राजश्व संकेत नं. १४२४१**

१) गाउँपालिका क्षेत्र भित्र यातायातका साधन प्रवेश तथा पार्किङ गरेबाफत निम्न बमोजिम शुल्क संकलन गरिनेछ।

क) पार्किङ शुल्क

- दुई पाग्रेको लागि दैनिक रु १०
- चार सवारी साधनका लागि दैनिक रु ५०

ख) सवारी साधन प्रवेश शुल्क

- कार जिव भ्यान प्रति पटक रु ५०
- बस, ट्रक, टयाक्टर प्रति पटक रु २००
- हेभीगाडी, डोजर, स्काईभेटर प्रति पटक रु ५००
- सार्वजनिक संस्थान, कुटनीतिक नियोग, एम्बुलेन्स, विद्यालय बस, सरकारी गाडी लगायतका सवारी साधन पूर्ण रुपमा निशुल्क

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -९
## बहाल बिटौरी शुल्क
## राजश्व संकेत नं. ११३१८

| क्र स | विवरण | कुल शुल्क मासिक रु | कैफियत |
|---|---|---|---|
| १ | टहरो छाप्रो | ५० | |
| २ | पक्की घर/ पशल | ३०० | |
| ३ | ठेला | १००० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

**अनसूची -१०**
**सेवा सुल्क दस्तुर**

१) स्काईभेटर

सरकारी सम्पती बहालबाट प्राप्त आय
राजश्व संकेत नं. १४१५१

| क स | विवरण | दर प्रति घण्टा रु | कैफियत |
|---|---|---|---|
| १ | जे सि बि स्काईभेटर बकेट प्रयोग बाफत (ईन्धन बाहेक) | ३००० | |
| २ | जे सि बि स्काईभेटर ब्रेकर प्रयोग बाफत (ईन्धन बाहेक) | ४००० | |
| ३ | जे सि बि स्काईभेटर बकेट प्रयोग बाफत (ईन्धन सहित) | ७००० | |
| ४ | जे सि बि स्काईभेटर ब्रेकर प्रयोग बाफत (ईन्धन बाहेक) | ८००० | |

२) गाउँ बस

सरकारी सम्पती बहालबाट प्राप्त आय
राजश्व संकेत नं. १४१५१

| क स | देखि | सम्म | सेवा शुल्क रु | |
|---|---|---|---|---|
| १ | सुकखोला | खार | १४० | |
| २ | सुकखोला | होपरीगाड | १०० | |
| ३ | खेडा | होपरीगाड | ८० | |
| ४ | मसनेबगड | होपरीगाड | ६० | |
| ५ | चिउरेबगड | होपरीगाड | ४० | |
| ६ | सौकेबगड | होपरीगाड | २० | |
| ७ | खार | होपरीगाड | ४० | |
| ८ | जामिर | होपरीगाड | २० | |

गाउँ बसबाट संकलन भएको सेवा शुल्क रकम बस चालक अथवा बस सहचालकले सम्भव भएसम्म दैनिक वा साप्ताहिक रुपमा नौगाड गाउँपालिका आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

३) एम्बुलेन्स तथा शव बाहन सेवा

सरकारी सम्पती बहालबाट प्राप्त आय
राजश्व संकेत नं. १४१५१

| क स | विवरण | भाडा दर प्रति किमि रु | कैफियत |
|---|---|---|---|
| १ | पक्की सडक | ५० | थप जानकारी एम्बुलेस कार्यविधी अनुसार हुनेछ । |
| २ | ग्राबेल सडक | १०० | |
| ३ | कच्ची सडक | १५० | |

४) स्रोत परिचालन

सरकारी सम्पती बहालबाट प्राप्त आय
राजश्व संकेत नं. १४१५१

| क स | विवरण | राजश्व दर रु | कैफियत |
|---|---|---|---|
| १ | हल भाडा (तालिम बाहेक अन्य बैठक र कार्यक्रम प्रयोजन) | २००० | प्रतिदिन |
| २ | प्रोजेक्टर भाडा | ६०० | प्रतिदिन |
| ३ | टेन्ट कुर्षि साउड सिस्टम सहित | ५००० | प्रतिदिन |
| ४ | टेन्ट साउड सिस्टम बाहेक | ३००० | प्रतिदिन |
| ५ | कुर्षि मात्र | २५ | प्रति कुर्षि प्रतिदिन |
| ७ | जेनेरेटर भाडा तेल बाहेक | ५०० | प्रतिदिन |
| ८ | प्रोजेक्टर सहित तालिम हल | १००० | प्रति दिन |

५) सिफारिस दस्तुर

राजस्व शिर्षक नं. १४२४३

| क स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | अग्रेजी सिफारिस तथा प्रमाणित | ६०० | |
| २ | नेपाली नागरिकता प्रमाणपत्र सिफारिस | १०० | |
| ३ | नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस | १५० | |
| ४ | संरक्षक सिफारिस व्यक्तिगत | १०० | |
| ५ | संरक्षक सिफारिस संस्थागत | ३०० | |
| ७ | संस्थादर्ता सिफारिस | ५०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

| क स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| ८ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस | २०० | |
| ९ | घरबाटो प्रमाणित घर भएको/नभएको | २०० | |
| १० | जग्गा मुल्याङ्कन सिफारिस | १५०० | |
| ११ | चारकिल्ला प्रमाणित | २०० | |
| १२ | कित्ताकाट सिफारिस | २०० | |
| १३ | विवाह प्रमाणित | २०० | |
| १४ | अविवाहित प्रमाणित | २०० | |
| १६ | नक्सा पास सिफारिस | ५०० | |
| १७ | अपुतालि सिफारिस | १०० | |
| १८ | बैवाहिक अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| १९ | विद्यालय स्वीकृत कक्षा थप | ५०० | |
| २० | नावालक परिचयपत्र सिफारिस | १०० | |
| २१ | वार्षिक आम्दानी प्रमाणित | ५० | प्रति लाख |
| २२ | आर्थिक अवस्था सम्पन्नता भएको सिफारिस | ५० | प्रति लाख |
| २३ | व्यक्तिगत विवरण सम्बन्धी सिफारिस | १०० | |
| २४ | पालन पोषणका लागि सिफारिस | १०० | |
| २५ | घर निर्माण सम्पन्न सिफारिस | १०० | |
| २६ | मोही लगत कट्टा सिफारिस | १०० | |
| २७ | विद्युत जडान सिफारिस | २०० | |
| २८ | धारा जडान सिफारिस | २०० | |
| २९ | जग्गा नामसारी सिफारिस | २०० | |
| २० | जातीय पहिचान तथा जातियता सिफारिस | १०० | |
| २१ | सगोल प्रमाणित सिफारिस | १०० | |
| २२ | नाम थर संशोधन सिफारिस | १०० | |
| २३ | फरक फरक नाम थर भएको व्यक्ति एउटै भन्ने सिफारिस | २०० | |
| २५ | जिवित रहेको सिफारिस | १०० | |
| २६ | व्यवसाय दर्ता सिफारिस | १०० | |
| २८ | व्यवसाय बन्द सिफारिस | १०० | |
| २९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० | |
| ३० | व्यवसाय नविकरण सिफारिस | १०० | |
| ३१ | समूह कल्ब नविकरण सिफारिस | १०० | |
| ३२ | योजना माग सिफारिस | १०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

| क स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| ३३ | स्थानीय तह मातहतका योजना सम्झौता तथा योजना कार्य सम्पन्न सिफारिस | ५०० | २ लाख सम्म |
| | | १००० | २ लाख देखि ५ लाख सम्म |
| | | २५०० | ५ लाख देखि १० लाख सम्म |
| | | ३५०० | १० लाख भन्दा माथि |
| ३४ | प्रदेश सरकार मातहतका योजना उपभोक्ता समिति गठन, योजना सम्झौता र सम्पन्न सिफारिस | २००० | ५ लाख सम्म |
| | | ४००० | ५ लाख देखि १० लाख सम्म |
| | | ६००० | १० लाख भन्दा माथि |
| ३५ | संघीय सरकार मातहतका योजना उपभोक्ता समिति गठन, योजना सम्झौता र सम्पन्न सिफारिस | ३००० | ५ लाख सम्म |
| | | ६००० | ५ लाख देखि १० लाख सम्म |
| | | ९००० | १० लाख भन्दा माथि |
| ३६ | अपाङ्गता सिफारिस | ० | निशुल्क |
| ३७ | आर्थिक सहायकता सिफारिस | ० | निशुल्क |
| ३८ | जेष्ठ नागरिकता परिचयपत्र सिफारिस | ० | निशुल्क |
| ४० | सामाजिक सुरक्षा भत्ता निकासका लागि नाता प्रमाणित सिफारिस | ० | निशुल्क |
| ४१ | द्वन्दपिडित सिफारिस | ० | निशुल्क |
| ४२ | कडा रोग उपचारका लागि गरिने सिफारिस | ० | निशुल्क |
| ४३ | बैदेशिक रोजगारमा मृत्यु भएका व्यक्तिसँग सम्बन्धी सिफारिस | ० | निशुल्क |
| ४४ | विपद् तथा प्रकोपबाट क्षति भएको कागज सम्बन्धी सिफारिस | ० | निशुल्क |
| ४५ | घर कायम कच्ची घर सिफारिस | ४०० | |
| ४६ | घर कायम पक्की घर सिफारिस | ८०० | |
| ४७ | घर सम्पन्न सिफारिस | ३०० | |
| ४८ | अन्य सिफारिस | १०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

६) व्यक्तिगत घटना दर्ता दस्तुर

राजश्व संकेत नं. १४२४४

| क स | विवरण | राजश्व रकम रु | कैफियत |
|---|---|---|---|
| १ | जन्मदर्ता विलम्ब शुल्क पञ्जिकरण नियमावली अनुसार | २०० | |
| २ | विवाह दर्ता विलम्ब शुल्क पञ्जिकरण नियमावली अनुसार | २०० | |
| ३ | मृत्यु दर्ता विलम्ब शुल्क पञ्जिकरण नियमावली अनुसार | २०० | |
| ४ | बसाईसराई लगत हस्तान्तरण पञ्जिकरण नियमावली अनुसार | २०० | |
| ५ | सम्बन्ध बिच्छेदन दर्ता विलम्ब शुल्क पञ्जिकरण नियमावली अनुसार | २०० | |
| ६ | बसाईसराई दर्ता विलम्ब शुल्क पञ्जिकरण नियमावली अनुसार | २०० | |
| ७ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको प्रतिलिपी | ५०० | |
| नोटः घटना दर्ता ३५ दिन भित्र निशुल्क हुनेछ । | | | |

७) नाता प्रमाणित दस्तुर

राजश्व संकेत नं. १४२४३

| क स | विवरण | रकम रु | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अग्रेजी | |
| १ | नाता प्रमाणित | २०० | ६०० | |
| २ | जन्ममिति प्रमाणित | २०० | ६०० | |
| ३ | विवाह प्रमाणित | २०० | ६०० | |
| ४ | अविवाहित प्रमाणित | २०० | ६०० | |
| ५ | घर पाताल प्रमाणित | १०० | | |
| ६ | व्यक्तिगत विवरण प्रमाणित | १५० | ६०० | |
| ७ | जिवितसँग नाता प्रमाणित | १०० | | |
| ८ | हकदार प्रमाणित | १०० | | |
| ९ | संरक्षक प्रमाणित | १०० | | |

८) कानुनी सेवा शुल्क तथा दस्तुर

राजश्व संकेत नं. १४२२१

| क स | विवरण | राजश्व रकम रु | कैफियत |
|---|---|---|---|
| १ | उजुरी वा मुद्दा दर्ता दस्तुर | १०० | |
| २ | मिलापत्र कागजी दस्तुर | १००० | |
| ३ | उजुरी मिलापत्र लगायतका कागजात अग्रेजीमा | ५०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

| क स | विवरण | राजश्व रकम रु | कैफियत |
|---|---|---|---|
| ४ | मिलापत्र कागजको नक्कल दस्तुर | १०० | |

९) न्यायिक दण्ड, जरिवाना र जफत

राजश्व संकेत नं. १४३११

| क स | विवरण | राजश्व रकम | कैफियत |
|---|---|---|---|
| १ | अवैध रुपमा मदिरा उत्पादन गरेमा जरिवाना | १०००० | |
| २ | अवैध रुपमा मदिरा विक्री वितरण गरेमा जरिवाना | १०००० | |
| ३ | अवैध रुपमा मदिरा ओसारपसार गरेमा जरिवाना | ५००० | |
| ४ | मदिरा सेवन गरी जथाबाभी हो-हल्ला गर्नेलाई जरीवाना | ३०००० | |
| ५ | लाईसेन्स प्राप्त मदिरा विक्रेताले अवैध रुपमा मदिरा विक्री वितरण गर्ने | १०००० | |
| ६ | सामाजिक कुरीति गरेमा जरिवाना | ३००० | |

१०) शिक्षा शुल्क

राजश्व संकेत नं. १४२२३

| क स | विवरण | राजश्व रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ग्रेटसिट बिग्रिएको प्रतिलिपी दस्तुर | २५० | |
| २ | ग्रेडसिट हराएको प्रतिलिपी दस्तुर | ५०० | |
| ३ | नतिजा पुनःर्योग दस्तुर | ५०० | |
| ४ | निजी विद्यालय खोल्ने सिफारिस दस्तुर | २००० | |
| ५ | आ वि देखि मा वि सम्मका शिक्षक म्याद तथा बिदा प्रमाणित लगायतका अभिलेखिकरण दस्तुर | १४० | |

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

११)  परिक्षा दस्तुर

राजश्व संकेत नं. १४२२४

| क स | विवरण | राजश्व रकम रु | कैफियत |
|---|---|---|---|
| १ | मा वि तह परीक्षा दस्तुर | १२०० | |
| २ | नि मा वि तह परीक्षा दस्तुर | १००० | |
| ३ | प्रा वि तह परीक्षा दस्तुर | ८०० | |
| ४ | उ मा वि तह परीक्षा दस्तुर | १४०० | |
| ५ | चौथो तह परीक्षा दस्तुर | ७०० | |
| ६ | पाँचौ तह परिक्षा दस्तुर | १००० | |
| ८ | छैटौं तह परीक्षा दस्तुर | १२०० | |
| ९ | सातौ तह परीक्षा दस्तुर | १४०० | |
| १० | आठौं तह परिक्षा दस्तुर | १७०० | |
| ११ | श्रेणीविहिन परिक्षा दस्तुर | ५०० | |

१२)  पुलको लठ्ठा तान्ने र टोटल स्टेशन मेसिन

सरकारी सम्पतिको बहालबाट बहाल आय

राजश्व संकेत नं. १४१५१

| क स | विवरण | राजश्व दर रु | कैफियत |
|---|---|---|---|
| १ | पुलको लठ्ठा तान्ने मेसिन | १००० | प्रतिदिन |
| २ | टोटल स्टेशन मेसिन | १००० | प्रतिदिन |

१३)  नौगाड आधारभुत अस्पतालको सेवा

अन्य सेवा शुल्क तथा बिक्री

राजश्व संकेत नं. १४२२९

| क स | विवरण | Investigation/Service | राजश्व दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | HEMATOLOGY | CBC | ३०० | |
| २ | HEMATOLOGY | HB | ५० | |
| ३ | HEMATOLOGY | TLC | ५० | |
| ४ | HEMATOLOGY | DLC | ५० | |
| ५ | HEMATOLOGY | RBC | ५० | |

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

| क स | विवरण | Investigation/Service | राजश्व दर रु. | कैफियत |
|---|---|---|---|---|
| ६ | HEMATOLOGY | PLATELETS | १०० | |
| ७ | HEMATOLOGY | ESR | ८० | |
| ८ | HEMATOLOGY | RETICULYTES | १५० | |
| ९ | HEMATOLOGY | ABO/RH | ५० | |
| १० | HEMATOLOGY | PT/INR | १५०/१५० | |
| ११ | HEMATOLOGY | BT/CT | ३०/३० | |
| १२ | HEMATOLOGY | PVC/HTC | ५०/५० | |
| १३ | HEMATOLOGY | MP SMEAR | 0 | |
| १४ | HEMATOLOGY | HbA1c | १०० | |
| १५ | BIOCHEMESTRY | PG TEST | १०० | |
| १६ | BIOCHEMESTRY | Asotire | २५० | |
| १७ | BIOCHEMESTRY | CRP | १५० | |
| १८ | BIOCHEMESTRY | RA FACTR | १५० | |
| १९ | BIOCHEMESTRY | VDRL | १८० | |
| २० | BIOCHEMESTRY | ANTI CCP | १००० | |
| २१ | BIOCHEMESTRY | Widal test | २५० | |
| २२ | BIOCHEMESTRY | Glucose FP/PP | ६०/६० | |
| २३ | BIOCHEMESTRY | BLOOD UREA | १२० | |
| २४ | BIOCHEMESTRY | CREATININE | १८० | |
| २५ | BIOCHEMESTRY | SODIUM | १८० | |
| २६ | BIOCHEMESTRY | POTASSIUM | १८० | |
| २७ | BIOCHEMESTRY | CALCIUM | २५० | |
| २८ | BIOCHEMESTRY | URIC ACID | १३० | |
| २९ | BIOCHEMESTRY | Total Cholesterol | १८० | |
| ३० | BIOCHEMESTRY | Triglycerides | १८० | |
| ३१ | BIOCHEMESTRY | HDL | १५० | |
| ३२ | BIOCHEMESTRY | LDL | १५० | |
| ३३ | BIOCHEMESTRY | AMYLASE | ३०० | |
| ३४ | BIOCHEMESTRY | BILIRUBIN | १५० | |
| ३५ | BIOCHEMESTRY | SGPT | १८० | |
| ३६ | BIOCHEMESTRY | SGOT | १८० | |
| ३७ | BIOCHEMESTRY | ALKALINE PHOS | १८० | |
| ३९ | BIOCHEMESTRY | TOTAL PROTIEN | २५० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

| क स | विवरण | Investigation/Service | राजश्व दर रु. | कैफियत |
|---|---|---|---|---|
| ४० | BIOCHEMESTRY | RFT | ६५० | |
| ४१ | BIOCHEMESTRY | Troponin I | ५०० | |
| ४२ | BACTERIOLOGY | SPUTUM FOR AFB | ० | |
| ४३ | BACTERIOLOGY | LEPROSY SMER | ० | |
| ४४ | BACTERIOLOGY | Monteux Test | १०० | |
| ४५ | PARACYTOLOGY | STOOL RE | १०० | |
| ४६ | PARACYTOLOGY | OCCULT BLOOD | १०० | |
| ४७ | PARACYTOLOGY | URINE RE | १०० | |
| ४८ | PARACYTOLOGY | SEMAN ANALYSIS | २०० | |
| ४९ | PARACYTOLOGY | Scrub Typhus | ३०० | |
| ५० | PARACYTOLOGY | Dengue | ३०० | |
| ५१ | PARACYTOLOGY | H. Pylori | ३०० | |
| ५२ | OTHER SURVICE | MA.PA.SE. | ५०० | |
| ५३ | OTHER SURVICE | MEDICAL CASE | ५०० | |
| ५४ | OTHER SURVICE | Norogita Approve | १२०० | |
| ५५ | OTHER SURVICE | USG | ५०० | |
| ५६ | OTHER SURVICE | ECG | ३०० | |
| ५७ | OTHER SURVICE | X-Ray | ४०० | |
| ५८ | OTHER SURVICE | Catheterization | १०० | |
| ५९ | OTHER SURVICE | OPD Ticket | २० | |
| ६० | OTHER SURVICE | Emergency Ticket | ५० | |
| ६१ | VIROLOGY | HIV RDT | १५० | |
| ६२ | VIROLOGY | HBSAG RDT | २५० | |
| ६३ | VIROLOGY | HCV RDT | १५० | |
| ६४ | VIROLOGY | PAP Smear | १५० | |
| ६५ | Dental Service | RCT | १५०० | |
| ६६ | Dental Service | Dental X-ray | १५० | |
| ६७ | Dental Service | Complete Denture | १०००० | |
| ६८ | Dental Service | FPD Zerconia | ५००० | |
| ६९ | Dental Service | FPD MAX | ५००० | |
| ७० | Dental Service | FPD Mental Ceramic | २५०० | |
| ७१ | Dental Service | RPD Unit | ४०० | |
| ७२ | Dental Service | Teeth Filling GIC | ३०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

| क स | विवरण | Investigation/Service | राजश्व दर रु. | कैफियत |
|---|---|---|---|---|
| ७३ | Dental Service | Crown Cementation unit | ३०० | |
| ७४ | Dental Service | Scaling | ४०० | |
| ७५ | Dental Service | Extraction Child | १०० | |
| ७६ | Dental Service | Extraction Adult | ३०० | |
| ७७ | Dental Service | Dry Socket | ५० | |
| ७८ | INDOOR | Admission Charge | १०० | |
| ७९ | INDOOR | Bed Charge Day | ५० | |
| ८० | INDOOR | Oxygen | ५० | |
| ८१ | INDOOR | Nebulization | ३० | |
| ८२ | INDOOR | Enema | ५० | |
| ८३ | INDOOR | Dressing | ५० | |
| ८४ | INDOOR | Foleys Cathederization | १० | |
| ८५ | INDOOR | NG Tube Insertion | १०० | |
| ८६ | Vaccine | Anti-Rabies Vaccine Vial | १५० | |
| ८७ | Surgical Service | Slab | २०० | |
| ८८ | Surgical Service | Cast | २०० | |
| ८९ | Surgical Service | Normal Dressing | ५० | |
| ९० | Surgical Service | Foreign Baby ENT | ५० | |
| ९१ | Surgical Service | Cyst/Gaglion/Lipoma | ५०० | |
| ९२ | Surgical Service | Incision & Drainage | १०० | |
| ९३ | Surgical Service | Suturing (1-5) Stich | १०० | |
| ९४ | Surgical Service | Suturing (6- Above) | २०० | |
| ९५ | Surgical Service | Toi Nail  Remove | १०० | |
| ९६ | Safe Motherhood | HB | ० | |
| ९७ | Safe Motherhood | Urine R/E (Protein/Albumin) | ० | |
| ९८ | Safe Motherhood | HBSAG | ० | |
| ९९ | Safe Motherhood | VDRL | ० | |
| १०० | Safe Motherhood | HIV | ० | |
| १०१ | Safe Motherhood | Blood Grouping | ० | |

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची-११**
**घर नक्सा पास दस्तुर**
**रावश्व संकेत नं. १४२४२**

| सि नं. | विवरण | राजश्व दर रु | कैफियत |
|---|---|---|---|
| १ | देथला खार खलंगा सडकले क्षेत्र भित्र | | |
| क | पक्की घर (प्रति वर्ग फुट) | २.०० | |
| ख | कच्ची घरु (प्रति वर्ग फुट) | ०.५० | |
| २ | ग्रामिण क्षेत्रका घरहरु | | |
| क | पक्की घर (प्रति घर) | ६०० | |
| ख | कच्ची घर ( प्रति घर) | ३०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -१२
## पर्यटन शुल्क
## राजश्व संकेत नं. १४१९१

| सि नं. | विवरण | शुल्क रु | कैफियत |
|---|---|---|---|
| १ | पालिका भन्दा बाहिरको व्यक्तिगत रुपमा छिपुल्थान डाईभर्सिटी पार्क प्रवेश शुल्क प्रतिदिन | ५० | |
| २ | पालिका भन्दा बाहिरको सामुहिक रुपमा छिपुल्थान डाईभर्सिटी पार्क प्रवेश शुल्क प्रतिदिन | ५०० | |
| ३ | पालिका भित्रको व्यक्तिगत रुपमा छिपुल्थान डाईभर्सिटी पार्क प्रवेश शुल्क प्रतिदिन | ३० | |
| ४ | पालिका भित्र सामूहिक रुपमा छिपुल्थान डाईभर्सिटी पार्क प्रवेश शुल्क प्रतिदिन | २०० | |

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३

**अनुसूची -१३**

**दहत्तर बहत्तर शुल्क**

**राजश्व संकेत नं. ३३३६६**

| क स | विवरण | राजश्व रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ढुङ्गा गिट्टी बालुवा बिक्री वितरण तथा निकासी | ३००० | प्रति ट्रक |
| २ | ढुङ्गा गिट्टी बालुवा बिक्री वितरण तथा निकासी | ५०० | प्रति ट्याक्टर |
| ३ | ढुङ्गा गिट्टी बालुवा बिक्री वितरण तथा निकासी | ५ | प्रति बोरा |
| ४ | स्लेट बिक्री वितरण तथा निकासी | ८००० | प्रति ट्रक |
| ५ | स्लेट बिक्री वितरण तथा निकासी | २५०० | प्रति ट्याक्टर |

नौगाड गाँउपालिकाको आर्थिक ऐन, २०८३

प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष
नौगाड गाउँपालिका

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची -१४
## अन्य राजश्व
## राजश्व संकेत नं. १४५२९

| क्र स | विवरण | राजश्व रकम रु/ प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | सर्जमिन मुचुल्का | रु. २०० | |
| २ | लत्ता कपडा खाद्यान्न सामान खुद्रा सामान गाडीमा घुमाएर बेच्ने व्यापारी | रु. २००० | प्रति महिना |
| ३ | पोका/झोला सामान झोला घुमाएर सामान बेच्ने व्यापारी | रु. ५०० | प्रति महिना |
| ४ | मर्मत सम्भार कोष प्रत्येक पूजीँगत योजना | १ प्रतिशत | लागत रु ५ लाख सम्म |
| | | २ प्रतिशत | लागत रु ५ लाख भन्दा माथि |
| ५ | सूचना प्रतिलिपी दस्तुर | रु ० | निशुल्क |
| | | रु ५ | प्रति पाना |
| ६ | प्रतिलिपी | रु ३ | प्रति पाना |

**आज्ञाले,**
**पुष्कर सिह धामी**
**प्रमुख प्रशासकीय अधिकृत**

नौगाड गाउँपालिकाको आर्थिक ऐन, २०८३